# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर ।

**सूचीकृत संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिकाको मस्यौदामा राय सुझाव सम्बन्धमा ।**

धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण तथा धितोपत्रको कारोवार र विनिमयलाई व्यवस्थित गर्न सूचीकृत संगठित संस्था गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४३क को प्रयोजनका लागि बोर्डले संलग्न बमोजिमको सूचीकृत संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७७ को मस्यौदा तयार पारेको व्यहोरा जानकारी गराउँदै सम्बन्धित सबै सरोकारवालाहरुलाई यस निर्देशिकाका सम्बन्धमा केही राय सुझाव भएमा मिति २०७७।०५।०७ भित्र बोर्डको इमेल regulation@sebon.gov.np मा पेश गर्नुहुन अनुरोध गरिन्छ ।

मिति: २०७७।०४।३०

# सूचीकृत संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७७

प्रारम्भिक मस्यौदा

प्रस्तावनाः धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण तथा धितोपत्रको कारोवार र विनिमयलाई व्यवस्थित गर्न सूचीकृत संगठित संस्था गाभ्ने, गाभिने तथा प्राप्ति सम्बन्धी कार्यलाई नियमित तथा व्यवस्थित गर्नुपर्ने भएकोले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ४३क को प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो निर्देशिकाको नाम "सूचीकृत संगठित संस्था एकआपसमा गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका नेपाल धितोपत्र बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) ‘‘ऐन’’ भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "गाभ्ने गाभिने" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएका दुई वा दुई भन्दा बढी संगठित संस्था वा बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्था र धितोपत्र दर्ता नगराएका संगठित संस्थाबीच एक आपसमा भएको सम्झौता बमोजिम गाभिने संस्थाको अस्तित्व समाप्त भई गाभ्ने संस्थामा समाहित हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संगठित संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ग) "गाभ्ने संस्था" भन्नाले गाभिने संस्थाको सम्पत्ति, दायित्व वा व्यवसायलाई आफूले स्वीकार गरिलिन मन्जुर गरेको संगठित संस्था सम्झनु पर्छ ।

(घ) "गाभिने संस्था" भन्नाले आफ्नो सम्पत्ति, दायित्व वा व्यवसायलाई गाभ्ने संस्थामा हस्तान्तरण गर्ने तथा गाभ्ने कार्य समाप्त भएपछि कानूनी अस्तित्व समाप्त हुने संगठित संस्था सम्झनु पर्छ ।

(ङ) "धितोपत्र बजार" भन्नाले धितोपत्र खरिदकर्ता तथा बिक्रेतालाई एकै ठाउँमा ल्याई निरन्तर रुपमा धितोपत्रको खरिद, बिक्री वा विनिमय कार्य सम्पन्न गर्ने बजार, स्थान वा सुविधा सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (संशोधन सहित) सम्झनु पर्छ ।

(छ) "प्राप्ति" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएको एउटा संगठित संस्थाले समान प्रकृतिको अर्को संगठित संस्थाको सम्पूर्ण सम्पत्ति तथा सम्भावित दायित्वको हरहिसाब गरी संगठित संस्थाको कानूनी हैसियत समाप्त हुने गरी आफूमा समाहित गर्ने कार्य सम्झनु पर्दछ ।

(ज) "प्राप्ति गर्ने संस्था" भन्नाले बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्थाले अर्को लक्षित संस्थाको सम्पूर्ण कारोवार स्वीकार गर्ने मूल संगठित संस्थालाई सम्झनु पर्दछ ।

(झ) "बोर्ड" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ञ) "लक्षित संस्था" भन्नाले यस निर्देशिका बमोजिम प्राप्ति गर्ने संगठित संस्थामा सम्पूर्ण सम्पत्ति तथा दायित्व समेत समाहित हुन जाने संगठित संस्था सम्झनु पर्दछ ।

(ट) "शेयर स्वाप अनुपात" भन्नाले गाभ्ने गाभिने वा लक्षित संस्थाका शेयरधनीहरुले आफ्नो प्रत्येक शेयर र गाभिएपछि कायम हुने संस्था वा प्राप्त गर्ने संस्थाको शेयर अनुपातलाई सम्झनुपर्छ । .

(ठ) "संगठित संस्था" भन्नाले धितोपत्रको सार्वजनिक निष्काशन गर्न सक्ने गरी प्रचलित कानून बमोजिम स्थापना भएको संगठित संस्था सम्झनु पर्छ ।

तर सो शब्दले प्राइभेट लिमिटेड कम्पनी वा सहकारी संस्थालाई जनाउने छैन ।

## परिच्छेद-२

## डयू डिलिजेन्स अडिट तथा प्रारम्भिक समझदारी सम्बन्धी व्यवस्था

३. **साधारण सभाबाट प्रस्ताव पारित गर्नुपर्ने** : बोर्डमा धितोपत्र दर्ता गराएको संगठित संस्था र अर्को संगठित संस्था गाभ्ने गाभिने वा प्राप्ति गर्ने/हुने सम्बन्धमा संस्थाले आ-आफ्नो साधारण सभाबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी कार्य अगाडि बढाउने प्रस्ताव पारित गर्नुपर्नेछ ।

४. **<u>सम्पत्ति तथा दायित्व मूल्यांकन सहित ड्यू डिलिजेन्स अडिट सम्बन्धी व्यवस्था</u>** : (१) दफा (३) बमोजिम संगठित संस्थाको साधारण सभाले गाभ्ने गाभिने वा प्राप्ति गर्ने प्रस्ताव पारित गरेपछि मूल्यांकनकर्ताबाट गाभ्ने गाभिने वा लक्षित संस्थाले आफ्नो सम्पत्ति दायित्व तथा कारोबार मूल्यांकन सहितको ड्यू डिलिजेन्स अडिट गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले ड्यू डिलिजेन्स अडिट गर्दा मूल्याङ्कनको आधार खुलाउनु पर्नेछ ।

५. **<u>उपयुक्त संस्था तय गर्ने</u>** : (१) दफा (४) बमोजिम ड्यू डिलिजेन्स अडिट गरेपछि सूचीकृत संगठित संस्थाको अख्तियारप्राप्त संचालक समितिले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा उपयुक्त संस्था तय गरी यस निर्देशिका बमोजिम गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी कार्य अगाडि बढाउनुपर्नेछ ।

(२) संठित संस्थाको दफा ४ बमोजिम गरिएको ड्यू डिलिजेन्स अडिट सम्बन्धी कुनै विषयमा गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न अर्को संगठित संस्था स्पष्ट हुन नसकेमा आपसी समझदारीमा औचित्यसहित प्रचलित विधि अर्न्तगत रही परिमार्जन गर्न सकिनेछ ।

(३) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी जानकारी राख्ने संगठित संस्थाका संचालक, कर्मचारी, मूल्यांकनकर्ता तथा अन्य सम्बन्धित पक्षले प्रारम्भिक समझदारी नभएसम्म गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा कुनै पनि सूचना तथा जानकारी प्रकाशमा ल्याउन पाइनेछैन ।

६. **<u>प्रारम्भिक समझदारी गर्नुपर्ने</u>** : (१) दफा ५ बमोजिम उपयुक्त संस्था तय भएपछि सम्बन्धित संस्थाको संचालक समितिले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा निर्णय गरी एकअर्काबीच प्रारम्भिक समझदारी गर्नुपर्नेछ ।

(२) संगठित संस्थाले उपदफा (१) बमोजिमको प्रारम्भिक समझदारी गर्दा देहायको विषय खुलाउनुपर्नेछ ।

(क) साधारण सभा र सञ्चालक समितिको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी निर्णय,

(ख) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा संयुक्त समितिको गठन तथा उक्त समितिको काम, कर्तव्य र अधिकार,

(ग) गाभ्ने गाभिने वा प्राप्ति कार्य सम्पन्न गर्ने समयबद्ध कार्यतालिका,

(घ) गाभ्ने गाभिने वा प्राप्ति कार्य सम्पन्न नभएसम्म संगठित संस्थाहरुको आ-आफ्नो कर्मचारी व्यवस्थापन सम्बन्धमा लिइने निर्णय प्रक्रिया,

(३) उपदफा (१) बमोजिम प्रारम्भिक समझदारी गरेपश्चात् सो को जानकारी अबिलम्व बोर्ड तथा धितोपत्र बजारलाई दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त भएपश्चात् धितोपत्र बजारले वेभसाइट मार्फत् अबिलम्व सर्वसाधारणलाई जानकारी प्रदान गर्नुपर्दछ ।

(५) सूचीकृत संगठित संस्थाले उपदफा (१) बमोजिम प्रारम्भिक समझदारी गरेपछि उक्त संगठित संस्थाको साधारण सभाबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रस्तावमा निर्णय नभएसम्म गाभ्ने गाभिने वा प्राप्ति पक्रियाबाट पछि हट्न (रद्द गर्न) पाइनेछैन ।

७. **शेयर कारोवार रोक्का हुने** : (१) धितोपत्र बजारले दफा ६ को उपदफा (३) बमोजिम जानकारी प्राप्त गरेपश्चात् गाभ्ने, गाभिने वा लंक्षित संस्थाको शेयर कारोवार रोक्का गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम शेयर कारोवार रोक्का गरेपश्चात् धितोपत्र बजारले बोर्डलाई जानकारी दिनुपर्नेछ ।

## परिच्छेद-३
## समिति गठन तथा पूर्व स्वीकृति सम्बन्धी व्यवस्था

८. **गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी समिति गठन** : (१) गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न संस्थाहरुले गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी काम कारवाही अगाडि बढाउन एक संयुक्त समिति गठन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएको समितिमा गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न प्रत्येक संगठित संस्थाका सञ्चालकहरु मध्येबाट बढीमा तीन जनासम्म सदस्य तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएको समितिमा संलग्न संगठित संस्थाका सञ्चालक आफ्नो कार्यकाल अवधिसम्म सदस्य रहनेछन् ।

(४) उपदफा (१) बमोजिम गठन गरिएको समितिमा गाभ्ने गाभिने वा प्राप्तिमा संलग्न संगठित संस्थाका प्रमुख कार्यकारी अधिकृत वा कुनै विज्ञ व्यक्तिलाई आवश्यकताअनुसार आमन्त्रित गर्न सकिनेछ ।

९. **पूर्व स्वीकृतिका लागि निवेदन दिनुपर्ने** : (१) बोर्डमा धितोपत्र दर्ता गराएको कुनै संगठित संस्थाले अर्को संगठित संस्थासँग गाभ्न वा गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन चाहेमा पूर्व स्वीकृतिका लागि अनुसूची १ बमोजिमको ढाँचामा बोर्डसमक्ष संयुक्त रुपमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिनुपर्ने निवेदन साथ देहायका विषय खुलाउनुपर्नेछ :-

(क) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी आवश्यकता तथा औचित्य,

(ख) पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण, खुद सम्पत्ति लगायतको वित्तीय विवरण सहितको लेखापरीक्षकको प्रतिवेदन,

(ग) कर्जा लिएका साहुहरुको विवरण तथा भुक्तानी सम्बन्धी व्यवस्था,

(घ) चल अचल सम्पत्ति र दायित्वको भुक्तानी अवधि सहितको यथार्थ विवरण,

(ङ) गाभ्ने गाभिने वा प्राप्ति पश्चात् कायम हुने संगठित संस्थाको कर्मचारीको व्यवस्थापन सम्बन्धी प्रारम्भिक योजना,

(च) संगठित संस्थाहरुले गाभ्ने, गाभिने वा प्राप्ति गर्ने, प्राप्ति हुने सम्बन्धी गरेको प्रारम्भिक समझदारी,

(छ) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी साधारण सभाले गरेको निर्णय,

(ज) प्रत्यक्ष नियमनकारी निकायको नियमन दायरा अन्तर्गत रहेका संगठित संस्थाको हकमा सम्बन्धित नियमनकारी निकायको सहमति,

(झ) गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा गठन भएको संयुक्त समिति सम्बन्धी विवरण,

१०. **पूर्व स्वीकृति प्रदान गर्ने :** (१) संगठित संस्था गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दफा ९ बमोजिम प्राप्त भएको निवेदन उपर बोर्डले आवश्यक जाँचबुझ गर्नेछ र त्यस्तो जाँचबुझको सिलसिलामा बोर्डले आवश्यकता अनुसार निवेदकसंग छलफल गर्न र थप कागजात समेत माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले त्यस्तो संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन अनुसूची २ बमोजिमको ढाँचामा पूर्व स्वीकृति दिन सक्नेछ ।

(३) संगठित संस्थालाई गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृति दिदाँ बोर्डले शर्तहरु तोक्न सक्नेछ ।

## परिच्छेद-४
## शेयर आदान प्रदान अनुपात गणना सम्बन्धी व्यवस्था

११. **शेयर आदान प्रदान अनुपात (शेयर स्वाप रेसियो) गणना गर्नुपर्ने** : (१) दफा १० बमोजिम संगठित संस्थाले बोर्डबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी पूर्व स्वीकृति प्राप्त गरेपश्चात् शेयर आदान प्रदान अनुपात गणना गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कायम भएको शेयर आदान प्रदान अनुपातको आधार र औचित्य सहित बोर्डमा स्वीकृतिका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको शेयर आदान प्रदान अनुपातको आधार र औचित्यमा बोर्ड सन्तुष्ट भएमा बोर्डले उक्त अनुपातलाई स्वीकृति प्रदान गर्नेछ ।

(४) उपदफा (२) बमोजिम पेश भएको शेयर आदान प्रदान अनुपातको आधार र औचित्य सन्तोषजनक नदेखिएमा बोर्डले पुनः मूल्यांकन गर्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिन सक्नेछ ।

१२. **सम्झौता सम्बन्धी व्यवस्था** : दफा ११ बमोजिम बोर्डबाट शेयर आदान प्रदान अनुपात स्वीकृत भएपश्चात् संगठित संस्थाले गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा देहायका विषयहरु खुलाई सम्झौता गर्नु पर्नेछ :-

(क) गाभ्ने गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया, लाग्ने समय र लागतको विवरण,

(ख) गाभिएपछि वा प्राप्तिपश्चात् कायम रहने संस्थाको नाम तथा ठेगाना,

(ग) गाभ्ने गाभिने वा प्राप्तिपश्चात् कायम हुने संचालन तथा व्यवस्थापन संरचना र संचालकको नामावली,

(घ) कर्मचारीहरुको तह मिलान, सेवा सुविधाको मिलान गर्ने व्यवस्था,

(ङ) एक प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका शेयरधनी तथा अन्य शेयरधनीहरुको विवरण,

(च) नयाँ संगठित संस्थाको रुपमा गाभ्ने, गाभिने भए सो संगठित संस्थाको नाम, प्रबन्धपत्र र नियमावली, पूँजी संरचना तथा पुर्नसंरचना,

(छ) सरोकारवालाको गुनासो व्यवस्थापन पद्दति,

(ज) शेयर आदान प्रदान अनुपात,

१३. **गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रस्ताव साधारण सभाबाट पारित गर्नुपर्ने** : यस निर्देशिका बमोजिम गाभ्ने गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न संगठित संस्थाले शेयर आदान प्रदान अनुपात सहित गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धमा साधारण सभाबाट पारित गर्नु पर्नेछ ।

## परिच्छेद-५
## शेयर कारोवार खुला तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

१४. **शेयर कारोवार खुला गर्नुपर्ने** : (१) संगठित संस्थाले साधारण सभाबाट गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी निर्णय भएको अर्को कार्य दिनमा धितोपत्र बजारसमक्ष शेयर कारोवार खुला गर्न निवेदन दिनुपर्नेछ ।

(२) संगठित संस्थाको गाभ्ने गाभिने वा प्राप्ति सम्बन्धी प्रक्रिया सम्पन्न भई एकिकृत व्यवसायिक कारोवार शुरु नभएसम्म गाभ्ने गाभिने वा लक्षित संस्थाको शेयरको छुट्टाछुट्टै कारोवार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम संगठित संस्थाको शेयर कारोवार खुला गर्दा गाभ्ने संगठित संस्थाको शेयर कारोवार रोक्का हुदाँ कायम भएको पछिल्लो कारोवार मूल्यको आधारमा कारोवार हुने व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम संगठित संस्थाको शेयर कारोवार खुला गर्दा गाभिने वा प्राप्ति हुने संगठित संस्थाको शेयर कारोवारका लागि दफा १३ बमोजिम साधारण सभाले पारित गरेको शेयर आदान प्रदान अनुपातको आधारमा धितोपत्र बजारले समायोजन गरी कायम भएको मूल्यको आधारमा कारोवार गर्नुपर्नेछ ।

१५. **अन्तिम स्वीकृति तथा धितोपत्र पुनः दर्ता सम्बन्धी व्यवस्था** : (१) दफा १३ बमोजिम साधारण सभाबाट गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने निर्णय भएपश्चात् उक्त कार्यको अन्तिम स्वीकृति तथा धितोपत्रको पुनः दर्ताको निमित्त दफा १२ बमोजिमको सम्झौता र साधारण सभाको निर्णय संलग्न गरी संयुक्त रुपमा बोर्ड समक्ष निवेदन दिनु पर्नेछ ।

(२) प्रत्यक्ष नियमनकारी निकाय भएका संगठित संस्थाको हकमा उपदफा (१) बमोजिमको निवेदनसाथ नियमनकारी निकायबाट प्राप्त स्वीकृति समेत पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा त्यस्तो संगठित संस्थासँग थप जानकारी वा कागजात माग गर्न आवश्यक देखेमा बोर्डले थप जानकारी वा कागजात माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा उपयुक्त देखिएमा बोर्डले संगठित संस्थालाई एक आपसमा गाभ्न, गाभिन तथा प्राप्ति गर्न अन्तिम स्वीकृति प्रदान गरी नियमावलीको अनुसूची-३ बमोजिमको दर्ता किताबमा संगठित संस्था गाभी गाभिई वा प्राप्ति भई कायम हुन आएको नाम वा परिवर्तित नाममा संगठित संस्थाको धितोपत्र दर्ता गरी संगठित संस्थालाई नियमावलीको अनुसूची-४ बमोजिमको ढाँचामा धितोपत्र दर्ता प्रमाणपत्र दिनेछ ।

(५) संगठित संस्थाले उपदफा (४) बमोजिम धितोपत्र दर्ताको नयाँ प्रमाणपत्र प्राप्त गर्दा त्यस्ता संगठित संस्थाहरु गाभ्ने गाभिने वा प्राप्ति अघि संगठित संस्थाहरुले बोर्डमा दर्ता गरेको धितोपत्रको अंकित मूल्य भन्दा बढी मूल्य कायम हुन आएमा सो बढी हुन आएको हदसम्म नियमावलीको अनुसूची-२ मा उल्लिखित धितोपत्र दर्ता दस्तुर बुझाउनु पर्नेछ ।

(६) बोर्डमा धितोपत्र पुनः दर्ता भएको तीन कार्य दिनभित्र संगठित संस्थाले शेयर दर्ता गर्न केन्द्रीय निक्षेप कम्पनी र सूचीकरण गर्न धितोपत्र बजारमा निवेदन दिनुपर्नेछ ।

१६. **एकीकृत शेयर कारोवार खुला गर्नुपर्ने :** (१) बोर्डबाट गाभ्ने गाभिने वा प्राप्तिका लागि स्वीकृति प्राप्त गरेका संगठित संस्थाले प्रचलित कम्पनी कानून बमोजिम एकीकृत व्यवसायिक कारोवारको स्वीकृति प्राप्त गरेपश्चात् सो को जानकारी सहित एकीकृत व्यवसायिक कारोवार गर्ने मितिको जानकारी बोर्ड, धितोपत्र बजार तथा केन्द्रीय निक्षेप कम्पनीलाई दिनुपर्नेछ ।

(२) धितोपत्र बजारले उपदफा (१) बमोजिम जानकारी प्राप्त गरेपछि एकीकृत व्यवसायिक कारोवार गर्ने दिन गाभिने संस्था र लक्षित संस्थाको शेयर कारोवार रोक्का राख्नुपर्नेछ ।

तर, गाभ्ने गाभिने वा प्राप्तिबाट कायम हुने संगठित संस्थाको नाम परिवर्तन हुने भएमा गाभ्ने संस्था, गाभिने संस्था वा प्राप्ति गर्ने संस्था र लक्षित संस्थाको शेयर कारोवार रोक्का राख्नुपर्नेछ ।

(३) गाभ्ने गाभिने वा प्राप्ति भई कायम भएको संगठित संस्थाले एकीकृत व्यवसायिक कारोवार शुरु भएपछि केन्द्रीय निक्षेप कम्पनी र धितोपत्र बजारलाई दफा १५ बमोजिम बोर्डबाट प्राप्त धितोपत्र पुनः दर्ताको प्रमाणपत्रसहित धितोपत्र दर्ता गर्न र एकीकृत शेयर कारोवार खुला गर्न निवेदन दिनुपर्नेछ ।

(४) एकीकृत व्यवसायिक कारोवार भएको सात कार्य दिनभित्र एकीकृत शेयर कारोवार खुला गर्नुपर्नेछ ।

## परिच्छेद-६
## विविध

१७. **सूचीकृत संगठित संस्था सूचीकरण नभएको संगठित संस्थासँग गाभिने वा प्राप्ति हुने सम्बन्धी व्यवस्था:** कुनै सूचीकृत संगठित संस्था सूचीकरण नभएको संगठित संस्थासँग गाभिने वा प्राप्ति हुने भएमा उक्त सूचीकृत संगठित संस्थाले यस निर्देशिका बमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

१८. **बाधा अड्काउ फुकाउन सक्ने :** यस निर्देशिकामा लेखिएका कुराहरु कार्यान्वयन गर्ने शिलशिलामा कुनै कठिनाई पर्न आएमा वा कुनै अस्पष्टता भएमा वा द्विविधाजनक देखिएमा बोर्ड अध्यक्षले सो को बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. **निर्देशिकाको पालना नभए कारवाही हुने :** यस निर्देशिकाको विधि, प्रक्रिया पूरा नगरेमा वा पूर्ण पालना नगरेमा ऐन बमोजिम बोर्डले कारवाही गर्नेछ ।

## अनुसूची-१

**(दफा .. को उपदफा (....) सँग सम्बन्धित)**

**<u>बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन पूर्व स्वीकृतिका लागि दिने निवेदनको ढाँचा</u>**

मितिः.......................

श्री नेपाल धितोपत्र बोर्ड ।

.................................

**विषयः <u>संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन पूर्व स्वीकृति पाउँ ।</u>**

बोर्डमा धितोपत्र दर्ता गराएको यस सूचिकृत संगठित संस्था(ले) ................................ सँग/लाई गाभ्ने गाभिने वा प्राप्ति गर्ने वा प्राप्ति हुने सम्बन्धमा यस संस्थाको संचालक समितिको मिति ............... को निर्णय भएकोले गाभ्ने/गाभिने/प्राप्ति गर्ने/प्राप्ति हुने सम्बन्धमा तहाँबाट पूर्व स्वीकृति पाउनको लागि यो निवेदन पेश गरिएको छ ।

भवदीय,

| | | |
|---|---|---|
| नामः | नामः | नामः |
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| पदः ............ | पदः ............ | पदः ............ |
| छापः | छापः | छापः |

## अनुसूची-२

**(दफा .. को उपदफा (….) सँग सम्बन्धित)**

**<u>बोर्डमा धितोपत्र दर्ता गराएका संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन पूर्व स्वीकृति दिने ढाँचा</u>**

मितिः……………………

श्री ……………………………………

…………………………………………

**विषयः संगठित संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन पूर्व स्वीकृति प्रदान गरिएको बारे ।**

तहाँबाट पेश भएको निवेदन उपर कारवाही हुदाँ सूचीकृत संगठित संस्था गाभ्ने गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७७ को दफा ….. बमोजिम ……………………… संस्था गाभ्न गाभिन वा प्राप्ति गर्न वा प्राप्ति हुन पूर्व स्वीकृति प्रदान गरिएको छ ।

अधिकृत दस्तखतः

नामः

पदः

मितिः